# १५

# शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको स्थापना र विस्तार

यो आरक्ष सुदूरपश्चिमाञ्चल क्षेत्रको तराईको जिल्ला कञ्चनपुरमा अवस्थित छ। नयाँ मुलुक भनिने यस जिल्लामा सन् १९६४ सम्म औलोको अत्यधिक प्रकोप थियो। औलो उन्मूलनपछि यहाँ भएका पुनर्वास कार्यक्रमअन्तर्गत अन्य क्षेत्रका मानिसहरू खासगरी प्राकृतिक प्रकोप पीडित, भूमिहीन, बर्मा वा अन्य क्षेत्रबाट आएका प्रवासी नेपाली, सरकारी सेवा निवृत्तहरूलाई बसाइएको थियो। यसले त्यहाँको जनसङ्ख्याको संरचनामा धेरै परिवर्तन गऱ्यो। सरकारी वा अरू किसिमको पुनर्वास वा बसाइ-सराइले त्यहाँको घना जङ्गल पनि उल्लेख्य रूपमा विनाश गऱ्यो। यही वन विनाशको सन्दर्भलाई जोडेर आरक्षको स्थापना भएको हो।

यो शुरुमा शाही परिवारको शिकारको लागि आरक्षित क्षेत्र थियो, जसमा वि.सं. २०२१ देखि सर्वसाधारणलाई शिकार गर्न प्रतिबन्ध लगाइयो। वि.सं. २०३३ साउन ४ को राजपत्रमा प्रकाशित गरेर यसलाई विधिवत् शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको रूपमा घोषणा गरियो। यसको शुरुको क्षेत्र (१५५ वर्ग किलोमिटर) भित्रका केही बस्तीहरू विस्थापित भए, जसलाई सदरमुकाम महेन्द्रनगरमा पुनर्स्थापना गरियो। तीव्र वन विनाशले वासस्थानको विनाश भएकोले वन्यजन्तुको स्थिति सङ्कटपूर्ण भएको थियो। यो नै कारण थियो आरक्षको क्षेत्रफल बढाउनु। यो प्रकृया अहिले पनि जारी छ। आरक्षको पहिलो विस्तारस्वरूप सन् १९८१ मा अर्को १५० वर्ग किलोमिटर क्षेत्र थप्ने निर्णय भयो। यो निर्णयको कार्यान्वयन गराउने काम सन् १९९८ पछि भयो। यो विस्तारको मुख्य उद्देश्य आरक्षलाई चुरे शृङ्खलामा जोडेर वन्यजन्तुको आवागमन सजिलो बनाउनु थियो। आरक्ष विस्तारको धेरै क्षेत्र वन जङ्गल भए पनि केही भागमा भने मानव बस्तीहरू पनि थिए। पाँचवटा गाविस (रौतेली बिचुवा, पिप्लाडी, झलारी, देखतभली र दैजी) का १७ वटा बस्तीहरू विस्तारित क्षेत्रमा परेका थिए।

शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको विस्तार र विस्थापनको प्रकृया भट्टराई (सन् २००१) बाट उद्धृत गरिएको हो।

विस्थापनमा पर्ने एउटा थारू जातिको बस्तीबाहेक सबैमा मिश्रित जाति/जनजाति थिए ।

शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको स्थापनादेखि विस्तारका सबैजसो निर्णय दरबारबाटै भएका थिए । यद्यपि विस्थापितको पुनर्स्थापनाको लागि पनि दरबारले निर्देशन दिएको थियो । जस्तो जमिनको लागि जमिन दिनुपर्ने, खेतीयोग्य जमिन हुनुपर्ने र पुनर्स्थापनामा सामाजिक र सांस्कृतिक संरचना बिगार्न नहुने भनिएको थियो । तर सरकारबाट समिति र आयोग बनाउनुबाहेक ती निर्देशनको कार्यान्वयन भएन । पुनर्स्थापनाको लागि अहिलेसम्म १० वटा समिति/आयोग बनिसकेका छन् । यी आयोगहरूलाई ठूलो प्रशासनिक र कानूनी अधिकार पनि दिइएको थियो । तर दुई दशकको पुनर्स्थापना कार्यक्रमको परिणाम अझै अपूर्ण र दिशाहीन नै देखिन्छ । समिति/आयोगहरू पुनर्स्थापनाका केही सुझाव दिने र त्यसको कार्यान्वयन गराउने काममा लागेका देखिन्छन् । तर पुनर्स्थापनाका लागि भएका सर्वेक्षणहरूले बहुसङ्ख्यकलाई अतिक्रमणकारी भन्ने र केहीलाई मात्र 'नम्बरीवाला' मानेर पुनर्स्थापनापछि जमिन पाउन योग्य बनाउँछ । यसले गर्दा धेरै बासिन्दाहरू अतिक्रमणकारी भएका छन् जसमा त्यो क्षेत्रमा पुस्तौँदेखि बस्दै आएका आदिवासीहरू पनि पर्छन् । आयोगको निर्णयमा पीडितको गुनासो सुन्ने वा सार्वजनिक बहस चलाउने कुनै उपाय देखिँदैन । सन् १९९० को राजनीतिक परिवर्तनपछि पीडितहरू आफ्नो आवाज चर्काउन तथा आन्दोलनको रूपमा आफ्ना अभियान बढाउन सफल भएका त छन् तर त्यसको सुनुवाइ भएको पाइँदैन । एक पटकको निर्णय वा सर्वेक्षणका तथ्याङ्क पछि 'अपडेट' नहुँदा पनि समस्या पैदा भैरहन्छ । यद्यपि पछिल्लो निर्णयले धेरै विस्थापित (लगभग ३,००० परिवार)लाई पुनर्स्थापना गर्ने निर्णय गरेको थियो ।

## पुनर्स्थापनामा देखिएका समस्या र आरक्षपीडितको आन्दोलन

लामो समयसम्म पुनर्स्थापनाभन्दा पनि आरक्षको सीमा विवाद नै समस्याको रूपमा भएको देखिन्छ । शुरु शुरुका सर्वेक्षण अपूर्ण थिए, जस्तैः घरधुरीको सङ्ख्यामात्र लिइएको, परिवारको बनौट, पेशा, खेतीपातीको जग्गा र अन्य सामाजिक/आर्थिक/सांस्कृतिक अवस्थाहरू किटान भएको थिएन । यस्तो सर्वेक्षण विस्तारभन्दा पहिल्यै हुनुपर्ने र समय समयमा 'अपडेट' गर्नुपर्ने थियो । भूमिहीन गरिब समूहलाई जग्गाको कानूनी अधिकार नभएकै आधारमा गैरकानूनी रूपमा बसेको भनेर किटान गरियो । यसले कमजोर र गरिब वर्गलाई अन्यायमा पारेको थियो । विस्तार गर्ने निर्णय सँगसँगै जग्गा जमिन भएकाहरूको पुनर्स्थापना गर्ने निर्णय गरिए पनि विस्तारित क्षेत्र खालि भएन, कारण धेरै भूमिहीन थिए वा अरू व्यक्तिहरू फेरि पछि बस्न थाले जसलाई कार्यकारी निकायले ध्यान दिन सकेन ।

यसरी आरक्षको विस्तारबाट पीडित भएका सयौँ घरपरिवारले आफ्नो सङ्घर्ष अहिले झन् चर्काएका छन् । सङ्कटकालको बेला पारेर रौतेली बिचुवा, पिप्लाडी र देखतभूली गाविसबाट विस्थापित भएपछि यो सङ्घर्ष चर्केको थियो । जबरजस्ती लखेटिएका बासिन्दाहरू उचित पुनर्स्थापनाको अभावमा आरक्षबाहिरको वन क्षेत्रमा गई बस्न पुगे । त्यसको एक वर्षपछि (२०५९ पुस २२ मा) हिउँदको समयमा जिल्ला वन कार्यलयले खल्लागोठको 'अतिक्रमित' वन क्षेत्र खाली गराउने उद्देश्यले अभियान शुरु गर्‍यो । एकै दिन ३ सयभन्दा बढी घर-टहरा भत्काएर आगो लगाएर नष्ट गर्‍यो । शीत लहरको बेला ती घर-परिवार खुल्ला आकाशमा कठाङ्ग्रिन पुगे । आरक्षपीडित ती सुकुमबासी आवश्यक पुनर्स्थापनाको आशामा वन अतिक्रमणकारी बन्न पुगे । ती अतिक्रमणकारी बनाइएका परिवारको उठीबास लगाउने कामसमेत अन्यायपूर्ण र दुर्व्यवहारयुक्त (खासगरी महिला/बालबालिका/कमजोर वर्गको सन्दर्भमा) थियो जबकि उनीहरूले सुकुमबासीको रूपमा सरकारबाट मान्यता समेत पाइसकेका थिए । विस्थापित हुनेमध्ये समाजका तल्लो वर्ग वा दलितहरू प्रचलित सामाजिक भेदभावका कारण अझ बढी प्रभावित भएका छन् । आरक्षको विस्तारबाट विस्थापित करिब १ हजार १३ परिवार दलित जिल्लाका विभिन्न भाग तथा राजमार्गमा झुप्राहरू बनाएर बसेका थिए । उनीहरू खानेपानीको अभावमा सीमान्त/असुरक्षित स्थानमा बस्नुपर्ने बाध्यता थियो ।

आफ्ना मागहरूको कुनै निकायबाट सुनुवाइ नभएपछि आरक्षपिडितहरूले सङ्घर्षलाई धर्ना, अनसनको रूपमा तीव्र पारेका छन् । पत्रपत्रिकामा आएका आन्दोलनका ती घटनाक्रमको केही रिपोर्टिङहरू तलका अनुच्छेदमा दिइएको छ । पछिल्लो रिपोर्टिङ-अनुसार अनसनकै क्रममा एकजना पीडितको मृत्युसमेत भएको छ ।

## १५.१ आरक्षबाट उठाइएकाहरू सडकमा

शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष विस्तार गर्ने सरकारी निर्णय कार्यान्वयन गर्ने क्रममा कञ्चनपुरको रौतेली बिचुवा गाविसका करिब ४०० परिवारको गुजारा सङ्कटमा परेको छ । उनीहरू विगत २५ वर्षदेखि सो ठाउँमा बसोबास गर्दै आएको बताउने ती परिवार अहिले आन्दोलनमा उत्रिएका छन् ।

सरकारले सात वर्षअघि शुक्लाफाँटा वन्यजन्तु आरक्षको पूर्वपट्टि १५० वर्ग किलोमिटर क्षेत्र थप्ने निर्णय गरेपछि त्यहाँका बासिन्दालाई सट्टाभर्ना दिन बन्दरपुरको जमिन छुट्ट्याएको थियो । सो जमिनमा केही परिवार सारिए पनि सबैले सर्न पाएका छैनन् । बन्दरपुरको जमिन अतिक्रमण भएको छ । "नयाँ ठाउँमा जग्गा छैन, यहाँ भएका जग्गामा खेती लाउन दिएन र बास उठाउन लाग्यो । अब हामी के खाएर बाँच्ने ? कहाँ बस्ने ?," पीडितहरूको गुनासो छ । तर आरक्ष प्रशासन ९० प्रतिशत स्थानीय बासिन्दाले जग्गा सट्टाभर्ना पाइसकेको दाबी गर्छ । विगत २५ वर्षमा आरक्ष प्रभावित र पीडितहरूलाई व्यवस्थित तवरले स्थानान्तरण गर्न १८ वटा आयोग र समितिहरू

यहाँ गठन भइसकेका छन् । तर तिनले समस्या सुल्झाउनुको साटो झन्झन् उल्झाएको पीडितहरू बताउँछन् । आरक्षपीडित हरिलाल सिंह साउदको विचारमा आयोग र समिति-हरूले पार्टीहरूका आडमा पीडित परिवारको सङ्ख्या बढाएर समस्यालाई अरू चर्काएका छन् । आरक्षपीडितहरूको सङ्घर्ष समितिका संयोजक तथा गाविस अध्यक्ष नन्दराम उपाध्याय पहिलेका आयोग र समिति कार्यकर्ताहरूलाई राखेर बनाइएका र पार्टी स्वार्थका पछाडि लागेका हुनाले सरकारी पदाधिकारीको नेतृत्वमा सम्बन्धित गाविसहरूको समेत प्रतिनिधित्व भएको सर्वपक्षीय आयोग वा समिति बन्नुपर्ने माग गर्दछन् ।

कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी विनोद खनाल विस्तारित क्षेत्रका वास्तविक बासिन्दा पहिचान गरेर आरक्ष पीडितका समस्या समाधान गर्न केन्द्रीय स्तरमा एउटा समिति गठन गर्ने पहल भइरहेको बताउँछन् । यता, आरक्ष कार्यालयले पनि दुई महिनादेखि छानबिन समिति बनाएर जग्गा सट्टाभर्ना पाउनुपर्ने व्यक्तिहरूको छानबिन शुरु गरेको छ । पीडितहरू यिनले आफ्नो समस्या कसरी समाधान गर्लान्, चनाखो भएर हेरिरहेका छन् ।

**उमीद बागचन्द**, *हिमाल,* १६-३२ साउन २०५८, पृ. २० ।

## १५.२ वन अतिक्रमित क्षेत्र खाली गराउन तीन सय घर-टहरा नष्ट, सयौँ परिवार बिचल्लीमा

अतिक्रमित वन क्षेत्र खाली गराउन कञ्चनपुर वन प्रशासनले अभियान शुरु गरेको पहिलो दिन मङ्गलबार सयौँ परिवार विस्थापित भएका छन् । प्रशासनले एकै दिन ३ सयभन्दा बढी घर-टहरा भत्काएर आगो लगाई नष्ट गरेपछि शीतलहरको प्रकोप झेलिरहेका सयौँ परिवार बिचल्लीमा परेका हुन् ।

अघिल्लो वर्ष पनि यही समयतिर उनीहरू आरक्ष विस्तारित क्षेत्रबाट लखेटिएका थिए । गत आइतबार वन प्रशासनले जिल्लाका प्रशासनिक र सुरक्षा निकायसँग समन्वय गरी मङ्गलबारदेखि अतिक्रमित वन क्षेत्र खाली गराउने निर्णय गरेको हो । कारबाही शुरु गरिएको खल्लागोठमा मात्रै एकै दिनमा ३ सय २५ घर छाप्रो हटाइएको वन प्रशासनले जनाएको छ ।

वन प्रशासन स्रोतका अनुसार उक्त वन क्षेत्रमा झण्डै ४ सय परिवारले एक वर्ष-देखि ५ सय हेक्टर क्षेत्रफल खनजोत गर्नुका साथै घर छाप्रो बनाएर अवैध कब्जा जमाएका थिए । अतिक्रमित अन्य क्षेत्र खाली गराउने अभियान जारी रहने जनाइएको छ ।

"अब हामी कहाँ जाने ?" वन सुरक्षाकर्मीले लगाएको आफ्नै घरको आगो तापिरहेका ६० वर्षीय जोखन डगौराले भने । "गए साल आरक्षले बिचुवाबाट लखेट्यो, यहाँ आइपुग्यौँ; १ कट्टामा साने छाप्रो बनाएर गुजारा गरेको थिएँ, त्यो पनि आगो लगाइदिएपछि उठिबास भयो," जोखनले आफ्नो दुखेसो पोख्दै भने ।

जिल्ला वन कार्यालयले अतिक्रमित क्षेत्र खाली गराउने ७ दिने पूर्वसूचना प्रकाशित गरे पनि अन्यत्र जाने ठाउँ कतै नभएकाले खल्लागोठ छोड्न नसकेको

पीडित परिवार बताउँछन् । वन कार्यालयका एक प्राविधिक कर्मचारीले समेत खल्लागोठ क्षेत्रमा १ सयभन्दा बढी सुकुमबासी परिवार बसोबास गरिरहेको बताए ।

*कान्तिपुर*, २४ पुस २०५९, पृ. ३ ।

## १५.३ सङ्घर्ष गर्दागर्दै ज्यान गयो

आरक्षदेखि प्रधानमन्त्री कार्यालयसम्म ज्ञापनपत्र बुझाउँदा पनि केही नभएपछि कञ्चनपुरको शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष विस्तार गर्ने क्रममा डेढ वर्षअघि हटाइएका परिवारहरूले उचित बसोबासको माग गर्दै आन्दोलन शुरु गरेका छन् । आन्दोलनको क्रममा जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा रिले अनसनमा बसेका ४५ वर्षीय प्रेमबहादुर चन्दको मृत्यु भएको छ भने अर्का एक जनाको भारतमा उपचार भैरहेको छ। अनसनको अन्तिम दिन १८ असार बिहान ९ देखि ११ बजेसम्म मृतक चन्दप्रति श्रद्धाञ्जली दिन उनको शव जिल्ला प्रशासन कार्यालयको मुख्यद्वारमा राखी आवागमन बन्द गरियो । उनीहरूले चन्दको मृत्युको जिम्मेवारी सरकारले लिनुपर्ने बताउँदै परिवारलाई उचित क्षतिपूर्तिको माग गरेका छन् ।

चन्दको मृत्युपछि दुई छोरा, एक छोरीसहित पाँच जनाको उनको परिवार कठिन परिस्थितिबाट गुज्रिरहेको छ। आरक्षबाट हटाइएपछि बाणी, बङ्क, बेलडाँडी, कालिका, मालुमेला, सिमलाफाँटा, कालागौडी, कुण्डालगायत १० ठाउँमा बसेका करिब नौ सय परिवारको हालत पनि यस्तै नै छ । शिविरमा खानेकुरा छैन, झोपडीका प्लाष्टिक च्यातिइसकेकोले झरीले दुःख दिएको छ ।

हाल आन्दोलित आरक्ष पीडितहरू कृष्णपुर गाविसको खल्लागोठमा बस्दै आएका २१४ घरपरिवारका हुन्, जसलाई जिल्ला वन कार्यालय, कञ्चनपुरका कर्मचारीले पाँच महिनाअघि घरझोपडीमा आगो लगाई हटाएका थिए । त्यसपछि राजमार्ग छेउछाउका खाली ठाउँमा शिविर बनाएर बस्दै आएका पीडितहरूलाई वन कार्यालयले ती ठाउँ पनि छोड्न आदेश दिएपछि आन्दोलन चर्किएको हो। सडकछेउ बसेका आरक्ष-पीडितमध्ये पनि बनारा र बन्दा नदी छेउका दुई शिविरमा बस्ने १३१ परिवारको अवस्था निकै गएगुज्रेको छ। खोलाको पानी सोझै पिउने यी शिविरका ५० भन्दा बढी बालबालिका, महिला र वृद्धहरू झाडापखाला, ज्वरो र आँखा पाक्ने रोगको शिकार भएका र तीन बालबालिकाले ज्यान गुमाएका छन् । तत्काल राहत आवश्यक यी दुई शिविरमा स्थानीय गैरसरकारी संस्था नेपाल राष्ट्रिय समाजकल्याण सङ्घको पहलमा केही ह्याण्ड पम्प गाडिनुका साथै एक दिन स्वास्थ्य शिविर चलाइएको थियो ।

वन सुरक्षाकर्मीहरूले अमानवीय व्यवहार गरेको र घरभित्रका धेरैजसो सामान जलेर नष्ट भएको पीडितहरूको गुनासो छ । "आफूसँग भएका गाई-गोरु, बाख्रा, घडी, खाट बेचेर चार महिना काटियो। अब के खाएर बाँच्ने, केले औषधी गर्ने ?," बन्दा शिविरका रूपबहादुर रोकाय आफ्नो पीडा पोख्छन्। रोकायले जस्तै आँखाभरि

आँशु पार्दै कालीचरण चौधरीले भने, “घरभित्र सुतेको एक वर्षको छोरोलाई बाहिर निकाल्दानिकाल्दै आगोले पोल्यो। उपचार गर्दागर्दै आफूसँग केही बाँकी रहेन। अब यी छोराछोरीलाई के खुवाएर पाल्ने ?”

१५५ वर्ग किलोमिटरमा फैलिएको शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षमा जनावरहरूलाई बासस्थान नपुगेको भनी २०५८ सालमा १५० वर्ग कि.मि. क्षेत्रफल थप्ने क्रममा रौतेली बिचुवा, देखतभूली र पिपलाडी गाविसबाट हटाइएका स्थानीय बासिन्दाहरूलाई जिविसले तत्काल खल्लागोठमा बस्न सिफारिस गरी व्यवस्थित बसोबासको लागि वन तथा भूसंरक्षण मन्त्रालयमा लेखापढी गरेको थियो। तर, वन कार्यालयले बीचैमा उठिबास लगाई, सडकमा पुऱ्याइदियो। सरकार, स्थानीय निकाय, राजनीतिक दल कसैले समस्या समाधानतर्फ चासो दिएका छैनन्। बनारा शिविरका लालु दमाई भन्छन्- “अहिले सङ्कटकाल छ, वार्ता भैरहेको छ भनी हामीलाई उल्लु बनाए। प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिएपछि उहाँको कार्यालयले वन मन्त्रालयमा कारबाहीका लागि पत्र पठाएको छ भन्यो। आज पाँच महिना हुँदा पनि केही भएको छैन।” विश्व वन्यजन्तु कोषका राष्ट्रिय निर्देशक डा. चन्द्रबहादुर गुरुङले श्री ५ को सरकारले घर बनाउन जग्गा दिए घर लगायत आधारभूत संरचनाहरू खडा गरी नमूना गाउँको निर्माण गरिदिने आश्वासन दिएको शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षका प्रमुख संरक्षण अधिकृत टीकाराम अधिकारी बताउँछन्।

**उमीद बागचन्द**, *हिमाल* १३(७): २२-२३, १-१५ साउन २०६०।

♦